# 'राजनीति' कथामा सबाल्टर्न

**नरेन्द्रप्रसाद कोइराला, एम. फिल**
उप प्राध्यापक
नेपाली तथा आमसञ्चार विभाग
जनमैत्री बहुमुखी क्याम्पस, कुलेश्वर, काठमाडौँ, नेपाल
Email: koiralanarendraprasad@gmail.com

**समकक्ष समीक्षकः** प्रा. डा. दयाराम श्रेष्ठ
प्रा. डा. ताराकान्त पाण्डेय

**सार**

*प्रस्तुत लेखमा कथाकार नारायण ढकालद्वारा लिखित 'राजनीति' कथालाई सबाल्टर्न सिद्धान्तका कोणबाट विश्लेषण गरिएको छ । समाजमा सदियौँदेखि रहेर अमूल्य योगदान गरे पनि इतिहास लुकाइएका, अधिकार खोसिएका, आवाज दबाइएका, कमजोर तथा अपहेलित समुदाय नै समग्रमा सबाल्टर्न हो । सबाल्टर्न एउटा छाता शब्द भएकाले यसभित्र धेरै कुरा अटाउन सक्ने भए पनि यस लेखमा विवेच्य कथामा रहेको वर्गीय, जातीय र वैचारिक सबाल्टर्नको अवस्था अनि उनीहरूको सामाजिक स्थान, प्रभुत्व र प्रतिरोधको अवस्थाको विश्लेषण गरिएको छ । यस कथामा वर्गीय, जातीय, वैचारिक सबाल्टर्नका रूपमा माझी परिवार रहेको छ भने मुखिया तथा अन्य कर्मचारीहरू गैरसबाल्टर्न वर्गका प्रतिनिधिका रूपमा रहेका छन् । सबाल्टर्न वर्गको सामाजिक स्थान अत्यन्त कष्टपूर्ण अवस्थामा छ भने अभिजात वर्गको केन्द्रीय संस्कृतिको प्रभुत्व नै सबैमाथि शासन गर्न सफल भएको हुनाले सबाल्टर्न वर्गको प्रतिरोध सामर्थ्य विफल भएको देखाइएको छ । सबाल्टर्न सिद्धान्तभित्र समेटिन आउने महत्त्वपूर्ण क्षेत्रहरू वर्गीय, जातीय, वैचारिक सबाल्टर्नको अवस्था अनि उनीहरूको सामाजिक स्थान, प्रभुत्व र प्रतिरोध चेतना आदि सबैको सुन्दर संयोजन भएको यो कथा सबाल्टर्नमैत्री कथा हो भन्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जिः** सबाल्टर्न, वर्गीय, जातीय, वैचारिक, स्थान, प्रभुत्व, प्रतिरोध, अभिजात ।

## विषय परिचय

नेपाली कथाको विकास परम्परालाई हेर्दा नारायण ढकाल समसामयिक चरणमा प्रगतिवादी विचार प्रवाहित गर्ने स्रष्टाका रूपमा परिचित छन् । उनका *शहर यन्त्र* (२०५०), *इरफान अली* (२०५२), *बहिर्गमन* (२०५४), *आत्महन्ता* (२०६१), *इन्द्रजाल* (२०६९) र *नारायण ढकालका कथा* (२०७२) कथासङ्ग्रहरू; *पीतसंवाद* (२०५५), *दुर्भिक्ष* (२०६२), *प्रेतकल्प* (२०६५), *वृषभवध* (२०७१) र *हजार माइलको बाटो* (२०७४) उपन्यासहरू, *गोमाको यार्लिङ* (२०५८) र *मुसेकान्छाको करामत* (२०६०) बाल कथासङ्ग्रह; *शोकमग्न यात्री* (२०५६) निबन्ध सङ्ग्रह, *तीन सम्वत्सर* (२०५३) संस्मरण; *नीला डल्फिनहरूको टापु* (२०६३) अङ्ग्रेजीबाट

अनुदित उपन्यास; *भित्री चोक* (२०६३) अङ्ग्रेजीबाट अनुदित कथासङ्ग्रह आदि कृतिहरू प्रकाशित छन् । उनको साहित्यिक योगदानको कदर गर्दै उनलाई उत्तम शान्ति पुरस्कार (२०५३), लोकेन्द्र शाह साहित्य पुरस्कार (२०५५), मैनाली कथा पुरस्कार (२०५७), साझा पुरस्कार (२०६५) र हृदयचन्द्र स्मृति सम्मान (२०७३) आदिद्वारा सम्मान गरिएको छ । उनका कथाहरूमा समाजमा विद्यमान उच्च र निम्न वर्गका बिचको द्वन्द्वका माध्यमबाट सबाल्टर्न वर्गका जीवनका जटिलताहरू अभिव्यक्त गरिएका छन् । समाजका कुरूप तथा दर्दनाक यथार्थहरूलाई विचारको सहयोगमा मार्मिक ढङ्गले कथासूत्रमा उनेर अभिव्यक्त गर्नु ढकालको कथा लेखनको विशेष सामर्थ्य हो । उनका कथामा अभिव्यक्त यस कथ्य सन्दर्भले ती कथाहरू सामाजिक, सांस्कृतिक कोणबाट अध्ययनीय रहेको सङ्केत गर्दछ । नेपली समालोचनाका क्षेत्रमा पछिल्लो चरणमा प्रारम्भ भएर विस्तारै अघि बढ्दै गरेको सबाल्टर्न अध्ययन सामाजिक, सांस्कृतिक अध्ययनको एउटा महत्त्वपूर्ण पद्धति हो र यस कोणबाट ढकालका कथाको अध्ययन भएको पनि देखिँदैन । यसै अभाव पक्षलाई दृष्टिगत गर्दै ढकालद्वारा रचित प्रस्तुत 'राजनीति' कथामा सबाल्टर्नको उपस्थितिको अध्ययन गरिएको छ ।

अङ्ग्रेजी भाषा, साहित्यबाट प्रारम्भ भएर हिन्दी साहित्यका माध्यमबाट अघि बढ्दै विश्वव्यापी बन्न पुगेको सबाल्टर्न शब्दलाई नेपाली भाषा साहित्यका क्षेत्रमा सीमान्तीकृत शब्दले चिनाउने वा सबाल्टर्न शब्द नै प्रयोग गर्ने दुवै परम्परा स्थापित छ । समाज विकासका क्रममा सम्प्रदाय, वर्ग, लिङ्ग, क्षेत्र, पेसा पद, आदि अनेक आधारमा विभेदका शृङ्खलाहरू निर्माण भएका हुनाले शासक वर्गले सदियौँदेखि शोषणको कुचक्रमा पारेका शासित, आवाजविहीन, पहिचानविहीन, इतिहासविहीन र अधिकारविहीन वर्गलाई यस शब्दले सम्बोधन गर्ने परम्परा निर्माण भएको छ । यो शब्द प्रारम्भमा इटलीका मार्क्सवादी विचारक ग्राम्सीले निम्नस्तरका सैनिक जवानलाई चिनाउन प्रयोग गरेका थिए तर सन् १९८० पछि भारतीय इतिहासकार र समालोचकहरूले सीमान्तीकृत वर्गको इतिहास लेखन र साहित्य समालोचनाका क्षेत्रमा प्रयोग गरेको पाइन्छ। मानव समाजको इतिहास शक्तिको इतिहास हो । मानव सभ्यताको प्रारम्भदेखि नै मानिस शक्तिशाली र कमजोर गरी दुई वर्गमा विभाजित भयो र निरन्तर सङ्घर्ष गर्दै आइरहेको छ। समाज यथास्थानमा बसिरहन सक्दैन । त्यसैले क्रान्ति र विद्रोहहरूको निरन्तरताका कारण परिवर्तनहरू पनि भएका छन् । यस्ता परिवर्तनहरूको प्रभावबाट विश्वमा अनेकन दर्शन, नीति, सिद्धान्त, राज्य एवम् सरकारहरू बन्ने, भत्किने, परिवर्तन हुने, संशोधन हुने कार्यहरू पनि भएका छन् । यस्ता परिवर्तनहरूबाट प्राप्त उपलब्धिको हिस्सा अझै पनि सीमान्तीकृत वर्गको भागमा सन्तोषजनक ढङ्गले पर्न नसकेकै कारण उच्च र निम्न वर्गका बिचको विभेद अन्त्य हुन सकेको छैन । उच्च वर्गले सधैं शासनसत्ता हातमा लिएर विभेद मात्र गरेन; आफूलाई अनुकूल हुने गरी नीति, नियम, धर्म, आस्था, मूल्य, मान्यता, कानुन आदिका आधारमा बलियो सामाजिक संरचनाको निर्माण गर्‍यो जसले केन्द्र र किनाराको बिचको सीमालाई फराकिलो बनाउने कार्यमा सधैं टेवा पुर्‍यायो । त्यसैको परिणामस्वरूप किनारामा परेकाहरूमाथि शोषण, दमन कायमै रहेको हुनाले उनीहरू सबै ढङ्गले पछि परे वा पारिए । यसरी पछि परेका वा पारिएका कमजोर वर्ग नै समग्रमा सीमान्तीकृत (सबाल्टर्न) वर्ग हो । यही वर्गको अध्ययन गर्ने सिद्धान्तलाई सबाल्टर्न सिद्धान्त भनिन्छ । यस लेखमा यसै मान्यताका आधारमा आधुनिक नेपाली कथाकार नारायण ढकालको 'राजनीति' कथाको विश्लेषण गरिएको छ ।

## समस्या

नारायण ढकालका कथाहरूमा समकालीन नेपाली समाजका यथार्थहरू अभिव्यक्त भएका छन् । नेपाली समाजको विभाजनमा सम्प्रदाय, जाति, वर्ग, लिङ्ग, क्षेत्र, विचार जस्ता विभाजक आधारहरू रहेका छन् र ती आधारहरू सामाजिक भेदभावका प्रमुख कारण बनेका छन् । त्यसकै आधारमा समाजको सबाल्टर्न वर्ग सबै प्रकारका अवसर र अधिकारबाट वञ्चित हुन पुगेको छ । समाजको सम्भ्रान्त वा माथिल्लो वर्गले सधैं शक्ति र सत्ताको प्रभुत्वमा सम्पूर्ण अवसरहरू हात पार्न अनि अर्को सीमान्त वर्गमाथि शासन, दमन र शोषण गर्न सफल पनि भएको छ । यस्तै प्रकारका समस्याहरूलाई कथाकार ढकालले आफ्ना कथाका विषय बनाएका छन् । उनका कथाहरूमा अभिव्यक्त नेपाली समाजमा विद्यमान वर्गीय, जातीय, लैङ्गिक, क्षेत्रीय, वैचारिक आदि सबाल्टर्नका अनेक रूपहरूमध्ये ‘राजनीति’ कथामा अभिव्यक्त वर्गीय, जातीय र वैचारिक सबाल्टर्नको विश्लेषण गरेर तिनको सामाजिक स्थान, प्रभुत्व र प्रतिरोध चेतनाको अवस्था पहिचान गरी निष्कर्षसम्म पुग्नु नै प्रस्तुत अध्ययनको प्रमुख प्राज्ञिक समस्या रहेको छ ।

## अध्ययनको उद्देश्य

‘राजनीति’ कथामा चित्रण गरिएको वर्गीय, जातीय र वैचारिक सबाल्टर्नको विश्लेषण गरी उनीहरूको सामाजिक स्थान, प्रभुत्व र प्रतिरोधको अवस्था पहिचान गर्नु नै यस अध्ययन कार्यको प्रमुख उद्देश्य रहेको छ । यस उद्देश्यलाई निम्न लिखित बुँदाहरूमा विशिष्टीकृत गरिएको छः

- ‘राजनीति’ कथामा वर्गीय, जातीय र वैचारिक सबाल्टर्नको अवस्था विश्लेषण गर्नु,
- ‘राजनीति’ कथामा सबाल्टर्नको सामाजिक स्थान, प्रभुत्व र प्रतिरोधको अवस्था निरूपण गर्नु ।

## कथा विश्लेषणको सैद्धान्तिक प्रतिमान

कुनै पनि एक जाति, वर्ग, लिङ्ग, क्षेत्र आदिद्वारा आफ्ना व्यक्तिगत, वर्गगत, जातिगत, लिङ्गगत अनेक प्रकारका स्वार्थ सिद्ध गर्नका लागि अर्को जाति, वर्ग, लिङ्ग, क्षेत्र आदिलाई इतिहास, परम्परा, संस्कृति, शिक्षा, अवसर आदिबाट विमुख गराउने कार्य वा त्यस्तो कार्यसँग सम्बन्धित प्रत्यक्ष वा परोक्ष जुनसुकै प्रकारका रणनीतिक योजना आदिका कारणबाट हुने विभेद तथा त्यसबाट सिर्जित समस्याका कारण हुने कुनै पनि वर्गको समस्याबाट सबाल्टर्न वर्गको जन्म हुन्छ । सबाल्टर्न वर्गलाई चिनाउने सन्दर्भमा मोहनराज शर्माले यसलाई अवरजन, विपन्न, शोषित, दलित, अधीनस्थ, शासित, अनन्नत, दमित, हीन, प्रभुत्वरहित, लाचार, असमर्थ, अशक्त, अप्रभुत्व, असम्भ्रान्त आदि अभिलक्षणहरूमा पहिचान गर्न सकिन्छ भनी उल्लेख गरेका छन् (शर्मा, २०७०: १३१)। मानवशास्त्र, इतिहास, समाजशास्त्र, साहित्य आदि क्षेत्रमा सबाल्टर्नको अध्ययन गर्ने सिद्धान्त सबाल्टर्न सिद्धान्त हो । यस सिद्धान्तको सुरुवात इटालीका चिन्तक ग्राम्सीले गरेका थिए भने सन् १९८० पछि भारतीय विचारकहरूले त्यसलाई विश्वव्यापीकरण गरेका हुन् । समग्रमा समाजको उच्च वा शासक वा शक्तिसम्पन्न वर्गले आफ्नो हितलाई ध्यानमा राखेर अरुको समस्याप्रति उदासीन रहदाँ वा जानी जानी अरूका विरुद्धमा कार्य गर्दा कमजोरहरू पिसिन पुग्छन् र सबाल्टर्न वर्गको जन्म हुन्छ ।

समाजमा वर्गीय, जातीय, वैचारिक आदि अनेक कोणहरूबाट सबाल्टर्न वर्गको निर्माण हुनसक्छ । यस क्रममा उच्च वर्गले आफूसँग भएको सत्ताका आधारमा शक्तिको सिर्जना र प्रयोग गर्छ । “त्यही शक्तिका आडमा उच्च वर्गले सम्पूर्ण क्षेत्रमा आधिपत्य जमाएर प्राप्त स्रोतसाधनलाई आफ्नो मात्र हीतमा प्रयोग गर्दा सत्ता

बाहिरको कमजोर वर्ग सबाल्टर्न बन्न पुग्छ" (कोइराला, २०७०: २७)। समाजको गति नै शक्तिको खेलमा आधारित हुन्छ र शक्तिसम्पन्नहरूले आफूलाई सहज हुने गरी समाजका सबै क्षेत्रको गतिलाई नियन्त्रण र परिचालन गरेकै कारण सत्ताको घेराभन्दा बाहिर परेकाहरू सबाल्टर्न बन्न पुग्छन् । "सत्ता, शक्ति, वर्चस्व, आधिपत्य मुठ्याएर केन्द्रले किनारालाई कहिल्यै आफूसमान हुन दिँदैन, परपरै पन्छाएर त्यो अढ्न खटन र आफ्नै योजना मात्र कार्यान्वित गरिरहन्छ" (सुब्बा, सन् २०११: ३)। यसरी समाजमा उच्च वर्गले सबै क्षेत्रमा आफूलाई स्थापित गर्दा सबाल्टर्न वर्ग प्रताडित र विस्थापित हुन पुग्छ । समाजमा जातीय सबाल्टर्नको अवस्था पनि ज्यादै दयनीय छ । "शक्ति वा प्रभुत्वका दृष्टिले उच्च वर्गमा परेको जातिले अर्को कमजोर जातिलाई उसका अवसरहरूबाट बञ्चित राख्दा वा उसका अवसरहरू खोसेर लिँदा कमजोर जातिकाहरू जातीय आधारमा सबाल्टर्न बन्न पुग्छन्" (कोइराला, २०७०: २८)। राज्यको सञ्चालन सत्ताको शक्तिबाट हुन्छ । त्यही शक्तिका आडमा नियम, कानुन, मूल्य, मान्यता, धर्म, सत्य आदिको स्थापना तथा विकास हुन्छ । यी सबै क्षेत्र शक्तिको निर्माण र प्रयोग गर्ने अनि शासक वर्गलाई सहयोग गरिरहने क्षेत्र हुन् । त्यस कारण यी सबै क्षेत्रको मेरुदण्डका रूपमा एउटा विचार प्रवाहित भएको हुन्छ, जसले राज्यसत्ताको स्थायित्व र विकासमा सहयोग गर्छ । यसरी सत्ताको विचार बोक्ने वा सत्ता सञ्चालन गर्नेले सत्ताविरोधी विचारलाई सधैं प्रताडित गरिरहन्छ । यस्तो अवस्थामा वैचारिक सबाल्टर्न वर्गको निर्माण हुन्छ । यसरी वैचारिक सबाल्टर्नको सन्दर्भ पनि कुनै कृतिमा सबाल्टर्न अध्ययनको आधार हुन सक्छ । यस आलेखमा पनि विवेच्य कथालाई उल्लिखित आधारमा हेरिएको छ ।

कुनै पनि समाजमा सबाल्टर्न वर्ग र अभिजात वर्ग दुवै सँगै रहने हुनाले स्थापित सामाजिक संरचनाभित्र सबैका लागि जेजस्तो भए पनि स्थान निर्धारण भएकै हुन्छ, जहाँबाट सबैले आआफ्ना सामाजिक अन्तरक्रियाहरू गर्छन् । त्यसलाई पात्रको सामाजिक स्थान मानी सबाल्टर्न वर्गको स्थानका सम्बन्धमा धारणा बनाउन सकिन्छ । समाजमा एक वर्गीय रूपमा दमक वर्गले दमन गर्ने क्रममा लिङ्गीय, जातीय र राष्ट्रिय विषयहरूमा आफूअनुरूप धार्मिक, सांस्कृतिक नियमहरूको निर्माण गर्ने र एकपक्षीय सत्तालाई बलियो बनाउने काम गरेको हुन्छ भन्ने कुरालाई ग्राम्चीले प्रभुत्वसम्बन्धी मान्यतामा अघि सारेका छन् (भट्टराई, २०७०: ३४४)। समाजमा स्थापित संस्कृतिको आफ्नै प्रकारको प्रभुत्व हुन्छ भने उदीयमान शक्तिको पनि वैकल्पिक प्रभुत्व हुन सक्छ । समाजमा हुने प्रभुत्व भनेको भौतिक र विचारधारात्मक उपकरणहरूको गठजोड हो, जसका माध्यमबाट प्रभुत्वशाली वर्गले आफ्नो शक्ति कायम गर्छ (पाण्डेय, २०७०: १७९)। यस आधारमा पनि सबाल्टर्न वर्गको अवस्था विश्लेषण गर्न सकिन्छ । सबाल्टर्न वर्गसँग प्रतिरोध चेतना पनि हुन्छ तर यो चेतना सफलताको सीमासम्म नपुग्दै विलय हुन सक्ने संभावना धेरै हुन्छ । "लड्दै, हार्दै, जाग्दै र ढल्दै आदि प्रक्रियाहरूको निरन्तरतामा सीमान्तीकृत वर्ग कहिले सक्रिय र कहिले निष्क्रिय अवस्थाबाट गुज्रिरहन्छ" (कोइराला, २०७०: ३७)। यसै सम्बन्धमा ग्राम्चीलाई उद्धृत गर्दै तारालाल श्रेष्ठले लेखेका छन् "ग्राम्सी भन्छन्, सबाल्टर्न वर्ग समूह सधैँ अझ भनौँ जागेको जस्तो वा विद्रोही देखिएको बेलामा समेत सम्भ्रान्त, शक्तिशाली वर्गका अगाडि अधीनस्थ हुन्छ" (श्रेष्ठ, २०६८: २१)। यसबाट सबाल्टर्न पात्रको प्रतिरोध चेतना समय समयमा जागृत हुने भए पनि त्यसले सार्थक निष्कर्ष वा परिणामको किनारासम्मको यात्रा तय गर्न सक्दैन भन्ने स्पष्ट हुन आउँछ । यसरी प्रतिरोध चेतनाको सन्दर्भ पनि कुनै कृतिमा सबाल्टर्न अध्ययनको आधार हुन सक्छ । यस आलेखमा विवेच्य कथालाई यस आधारमा पनि हेरिएको छ ।

सबाल्टर्न सम्बन्धी उपर्युक्त मान्यता कुनै कृतिको पठन र विश्लेषणको एउटा महत्त्वपूर्ण सैद्धान्तिक औजार (टुल्स) पनि हो र यहाँ विवेच्य बनाइएको राजनीति कथालाई यसै (सबार्ल्टन) सिद्धान्तका आलोकमा विश्लेषण गरिएको छ । कथाको अध्ययनका क्रममा प्राप्त भएका सबै तथ्यहरूलाई यसै सिद्धान्तको साँचोमा राखेर विश्लेषण गरिएको छ । यसका लागि समस्याले अपेक्षा गर्ने जति मात्र सैद्धान्तिक आधार निर्माण गरिएको छ । सबाल्टर्नका विविध रूपका सन्दर्भमा वर्गीय सबाल्टर्नको विश्लेषणका लागि आर्थिक दृष्टिले उच्च र निम्न वर्ग मानी विश्लेषण गरिएको छ । जातीय सबाल्टर्न विश्लेषणका लागि परम्परागत रूपमा समाजले मान्दै आएको उच्च जात र निम्न जातलाई आधार बनाइएको छ भने वैचारिक सबाल्टर्नको विश्लेषणका लागि शासन सत्ताका पक्षको वा शासक विचारको अनि सत्तासँग विमति राख्ने वा विरोधी विचारको विभाजनलाई आधार बनाइएको छ । त्यसै गरी सीमान्त वर्गको सामाजिक स्थान, उनीहरूमाथिको प्रभुत्व र उनीहरूसँग भएको प्रतिरोध चेतनाको पनि विश्लेषण गरिएको छ । यस क्रममा उच्च वर्गले निम्न वर्गलाई, उच्च जातले तल्लो जातलाई र शासक वर्गले शासित वर्गलाई सधैं सबाल्टर्न अवस्थामा पुऱ्याउँछ भन्ने सैद्धान्तिक आधारलाई स्विकारिएको छ ।

## कथामा सबाल्टर्नहरूको वर्गीय, जातीय र वैचारिक अवस्था

प्रस्तुत कथाका पात्रहरूलाई तिनको भूमिका वा कार्यका आधारमा हेरी समग्रमा सबाल्टर्न र गैरसबाल्टर्न भनी दुई वर्गमा विभाजन गर्न सकिन्छ । कथामा आएका मुखिया, उसका सहयोगीहरू तथा प्रशासकहरू यहाँ उच्च तथा गैरसबाल्टर्न वर्गका रूपमा देखिएका छन् भने समग्र माझी परिवार सबाल्टर्न वर्गका रूपमा कथामा प्रस्तुत भएको छ । मुखिया र प्रशासक सम्मिलित उच्च वर्गको शोषणबाट यहाँको सबाल्टर्न वर्ग वा माझी परिवार अत्यन्त प्रताडित मात्र छैन, उनीहरूले आफ्नो बाली र जमिन गुमाउनुका साथै पिटाइ समेत खाएका छन् । यस अवस्थालाई उद्घाटित गर्दै भनिएको छ- “एक दिन मुखियाले आफ्ना दुईचार जना मान्छेको सहयोग लिएर माझीहरूले रोपेको खेत भकाभक फाँड्दै सोझो कुलो खन्न सुरु गऱ्यो” (पृ.१०८)। यसबाट माझीहरूको बाली बिरुवामाथि मुखियाको कस्तो व्यवहार थियो भन्ने पुष्टि हुन्छ । त्यति मात्र होइन, त्यो बगरमा ढुङ्गा मात्र थियो, खेतै थिएन । माझीहरूले बगरलाई खेत बनाए तर उत्पादन अरूकै हुन्थ्यो अनि त्यसमा पनि चित्त नबुझेर माझीहरू कुटिन्थे । उनीहरूको श्रम, पसिना र त्यसबाट आर्जित वस्तुमाथि स्थानीय अभिजात वर्गले कब्जा जमाउँथ्यो । “कोशीको छेउमा बसेका माझीहरूले यो खोलाको बगरमा धमाधम खेत बनाउँदै गएपछि स्थानीय जाली फटाहाहरूले सुधा माझीहरूको जग्गा हडप्दै गए” (पृ.१०८)। यहाँ माझीहरूले गरेको श्रमलाई अभिजात वर्गको सम्पत्तिमा रूपान्तरण गरिएको छ । हडपेको जग्गाले मात्र नपुगेपछि माझीहरूको पसिना पनि हडप्ने काम भएको छ । “यहाँको खेतमा माझीहरूले नै जोतिरहेका थिए तर अनाज मुखिया, ठालु तथा सामन्तहरूकै घरमा भित्रिन्थ्यो” (पृ.१०८)। यहाँ पसिना बगाउनेले प्रतिफल पाएको छैन र प्रतिफल पाउनेले पसिना बगाएको छैन । प्रभुत्वशाली वा अभिजात वर्गले कमजोर वा सीमान्तीकृत वर्गको श्रमलाई अन्यायपूर्ण ढङ्गले शोषण गरेको स्पष्ट देखिन्छ । यसरी निम्न वर्गका वा सबाल्टर्न वर्गका माझीहरू आफैले बगरबाट बनाएको खेत र खेतमा उब्जाएको अनाज दुवै उच्च वर्गलाई सुम्पन विवश बनेका छन् । आफ्नो सम्पत्ति र पसिना दुवै गुमाएका माझीहरू पिटिन्छन् अनि न्यायको खोजीमा अदालतसम्म पुगे पनि पटक पटक भाका सार्दै अन्त्यमा अर्कै आरोपमा पक्राउ पर्छन् । पिटाइ खाएर बिरामी परेको सिङ्गे माझीले औषधि उपचारको त के कुरा पानीसमेत खान पाउँदैन । यसरी यस

कथामा वर्गीय दृष्टिले सबाल्टर्न बनाइएका माझीहरूले आफ्ना परिश्रमले बगरबाट बनाएको खेत गुमाएका छन्, खेतमा रोपेर उत्पादन गरेको अनाज गुमाएका छन्, लह लह भएको धान फाँडेर कुलो बनाएको असह्य पीडा व्यक्त गर्दा पिटिएका छन् अनि घाइते मानिस प्रमाणका रूपमा बोकेर न्याय माग्न अदालत पुग्दा उल्टै समातिएका छन् । यी सबै सजायका लागि अपराध एउटै मात्र थियो कि माझीहरू सबाल्टर्न अर्थात् शक्तिहीन थिए । यसरी समाजको उच्च वर्गले आफूअनुकूल स्थापना गरेका नीति, नियम, प्रशासन आदिका आधारमा सबाल्टर्न वर्गको सम्पत्ति, श्रम, उत्पादन, अधिकार आदि खोसेर उनीहरूलाई ज्यादै कारुणिक जीवन बाँच्न बाध्य बनाउँछ भन्ने तथ्यलाई यस कथामा स्पष्ट रूपमा अभिव्यक्त गरिएको छ ।

कथाकार ढकालले यस कथामा उभ्याएका माझी समुदायलाई जातीय दृष्टिले पनि सबाल्टर्न समुदायकै रूपमा प्रस्तुत गरेका छन् । उनीहरू माझी वा परम्परित समाजले निम्न जात मानेकै कारण पनि यति धेरै दुःखमा परेका छन् । मालिक वा मुखिया कथित उच्च जातको छ । उसले तल्लो जातका माझीहरूलाई शोषण गर्न स्थापित सामाजिक संरचनालाई हतियारका रूपमा प्रयोग गरेको छ । माझीहरू मुखियाले आफ्नो धान फाँडेर कुलो खनेकामा विरोध गर्छन् तर त्यसको जवाफमा मुखिया भन्छ, "जान्नी भएर नकराओ, टुहुरा हो । एक बित्ताको कुलो काटेर तिमेरुको नोक्सान हुन्छ ?" (पृ.१०८)। माझीहरूले आफ्नो कुरा अझ राख्न खोज्दा पिटिन्छन् अनि न्यायको खोजीमा अदालत पुगेको घाइते सिङ्गे माझीले ओच्छ्यानबाटै 'पानी पानी' भन्दा पनि पानी पाउँदैन । सिङ्गेकी छोरी पानी माग्न होटलभित्र छिर्न सक्दिन र बाहिरै उभिएर पानी माग्छे । ऊ माझी जातकी भएकै कारण धेरैबेर ढोकामा नै उभिएर माग्न बाध्य छे । उसलाई होटलभित्र छिर्न नदिने स्थापित सामाजिक संरचना तगारोका रूपमा उभिएको छ । यहाँ समाजको स्थापित संरचनाले माझी जातका लागि होटलमा समेत ढोकाभन्दा बाहिरको स्थान निर्धारण गरिदिएको पाइन्छ । यसरी यस कथामा समाजले मानेको उच्च जातको मुखियाको प्रभुत्वशाली व्यवहारका कारण समाजले मानेको निम्न जातका माझीहरू सबाल्टर्न बनाइएका छन् ।

यो कथाको धरातल वैचारिक सबाल्टर्नका दृष्टिबाट पनि अत्यन्त उर्वर रहेको छ । यस कथामा मुखिया, उसका भरौटेहरू, प्रशासक तथा न्यायाधीशहरू राज्य वा शासक वर्गका छन् भने गाउँका अरु मानिस र माझीहरू सत्ताइतरका वा सबाल्टर्न वर्गका छन् । मुखिया राज्यको सत्ता पक्षको विचार बोक्ने प्रतिनिधि पात्र हो । त्यस कारण ऊ जस्तो प्रकारको अन्याय गर्न पनि सक्छ । उसले माझीको खेत खोसेको छ, उनीहरूले उत्पादन गरेको अन्न खोसेको छ, उनीहरूले रोपेको धान फाँडेर कुलो खनेको छ अनि उल्टै माझीहरूलाई कुटेर सिङ्गे माझीलाई मरणासन्न अवस्थामा पुऱ्याएको छ, तर उसलाई कुनै डर छैन । ऊ सत्ताका आडमा बितन्डा मच्चाएर पनि आफू सुरक्षित हुने कुरामा ढुक्क छ । न्यायालय घाइते माझीको अवस्था देख्दैन बरु तेह्र गतेको तारिख दिन्छ । तेह्र गते पनि अड्डामा पुगेका माझीलाई तीन बजेसम्म पर्खने आदेश हुन्छ तर घाइतेको अवस्था सोधिँदैन । न्यायदाताका रूपमा देखिएका सुकिला मान्छेहरू मुखियालाई पर्खन सक्छन्, मुखियासँगै टाँसिएर बस्छन्, बुझेका कुरा पनि बुझपचाएर सोध्छन् अनि अन्यायमा परेका माझीहरूमाथि अझ अन्याय गर्छन् । मुखिया उनीहरूसँगै टाँसिएर बस्छ, भित्रभित्रै खुस खुस साउती गर्छ र माझीहरू आफ्ना दास भएकाले जे गर्न पनि छुट पाउनु पर्ने विचार राख्छ । अड्डाको मानिसले माझीका विषयमा बुझ्न खोज्दा मुखिया भन्छ, "कस्ता हुन्थे ! चोर टुहुराहरू ! मेरै रिन खाइरा छन् अझ मेरै विरोधमा उजुर गर्छन् ! चाहेको भए मैले यिनीहरूलाई के गर्न सक्दिनँ र ?" (पृ.११३)। यस भनाइबाट एकातर्फ ऋण खानु वा गरिब

हुनु नै अपराध हो भन्ने मुखियाको मानसिकता झल्किन्छ भने अर्कातर्फ उसले चाहँदा जे पनि गर्न सक्ने अवस्था स्पष्ट हुन्छ । मुखियाले प्रयोग गरेको भाषामा पनि निराधार 'चोर', 'टुहुरा' आदि शब्दहरूको प्रयोग गरिएको छ । यो छलफलको स्थान हो र त्यहाँ न्यायधीशका रूपमा राज्यका प्रतिनिधि पनि उपस्थित छन् तर त्यसतर्फ उनीहरूको कुनै प्रतिक्रिया छैन । मुखियालाई जे गर्न र जे भन्न पनि छुट छ भने माझीहरूका लागि सहनै पर्ने बाध्यता छ । त्यसकारण यस अवस्थाले राज्य पूर्ण रूपमा अभिजात वर्गको संरक्षक छ भन्ने पुष्टि हुन आउँछ । त्यसपछि माझीहरू सरकारका विरोधी रहेको कुरामा मुखियाले न्यायदाता भनिएकाहरूलाई विश्वास दिलायो । "भोलिपल्ट सदमुकाममा सुनियो तामाकोशीको किनारमा बसोबास गरिरहेका चारजना सोझा माझीहरू राजनीति गरेको आरोपमा सुरक्षा कानुन अन्तर्गत गिरफ्तार गरिए" (पृ.११३)। यहाँ अन्याय गर्ने मुखियाको विरोध नै सरकार वा राज्यको विरोध भएको छ । यसै आधारमा माझीहरूलाई धकेल्दै धकेल्दै देशद्रोहीको कित्तामा पुऱ्याइएको छ । यी सन्दर्भहरूले राज्य, सरकार, न्याय आदि सबै निकाय प्रभुत्वशाली वर्गकै हितमा वा सहयोगका निम्ति बनाइएका हुन् भन्ने देखिन्छ । यसरी माझीहरूमाथि भएको अन्यायको मुद्दा विषयान्तर गरिँदै माझीहरूलाई नै जेल पठाएर मुखिया अनि प्रशासनद्वारा राजनीतिक अपराधीकरण गरी समाप्त गरिएको छ । प्रस्तुत 'राजनीति' कथामा माझीहरू वर्गीय, जातीय र वैचारिक तीनै दृष्टिबाट सबाल्टर्न अवस्थामा छन् भने मुखिया उक्त तीनै दृष्टिबाट शासक वा सम्भ्रान्त वर्गसँग सम्बद्ध छ । यस कथामा वर्ग, जाति र विचार अन्योन्याश्रित वा अभिन्न सम्बन्धभित्र घोलिएर छुट्ट्याउनै नसक्ने गरी अभिव्यक्त भएको पाइन्छ ।

## सबाल्टर्न वर्गको स्थान, प्रभुत्व र प्रतिरोधको अवस्था

'राजनीति' कथामा माझीहरू र अन्य गाउँलेहरू सबाल्टर्न पात्रका रूपमा छन् भने मुखिया, सुकिला, भरौटे तथा प्रहरी गैरसबाल्टर्न पात्रका रूपमा देखिएका छन् । कथाभित्र सबाल्टर्न पात्रहरूको सामाजिक स्थान ज्यादै निम्न वा अपमानजनक अवस्थामा रहेको छ । "जान्नी भएर नकराओ टुहुरा हो ... हाम्रो रिन खाएर बसेका टुहुराहरूको यत्रो धाक" (पृ.१०८)! यहाँ जान्ने हुने, सिक्ने, बोल्न पाउने स्थान केवल उच्च वर्गले मात्र पाउँछ भने ऋण खाने निम्न वर्गका लागि कुनै अवसर प्राप्त छैन भन्ने स्पष्ट हुन्छ । त्यसलाई मुखियाको यो भनाइ, अड्डाका मानिसहरूले माझीहरूप्रति गरेको अन्यायपूर्ण व्यवहार, गाउँलेहरूले माझीका पक्षमा बोल्न नसकेको अवस्था आदिले पुष्टि गरेको छ । "चोर टुहुराहरू ! मेरै रिन खाइरा छन् अझ मेरै विरोधमा उजुर गर्छन्" (पृ.११३) भन्ने मुखियाको भनाइले पनि त्यस समाजमा माझीहरूको स्थान अत्यन्त कमजोर वा ज्यादै दयनीय रहेको स्पष्ट हुन्छ ।

समाजमा माझी वा सबाल्टर्न वर्गको अवस्था ज्यादै दर्दनाक हुन पुग्नुको प्रमुख कारणका रूपमा अभिजात वर्गको प्रभुत्व हो । अभिजात वर्गको प्रभुत्व गाउँको सामान्य मानिसदेखि अड्डा, अदालत सबैतिर फैलिएको छ । स्थापित सामाजिक संरचनाभित्र केन्द्रीय विचारधाराको प्रतिनिधित्व गर्ने मुखियाको प्रभुत्वका अगाडि परिधिको विचारधारा बोक्ने माझीहरूको प्रभुत्व समाप्तप्रायः अवस्थामा छ । आफ्नो प्रभुत्वको हैकमकै कारण मुखिया जमिन लुट्न, पसिना लुट्न, उत्पादन लुट्न, लुटेकैलाई कुट्न अनि अड्डा, अदालतसम्म मिलाएर आफ्ना कर्तुत लुकाउन तथा अन्यायमा परेका माझीहरूलाई अरु सजायको भारीमाथि सुपारी थप्नसमेत सफल भएको छ । यसरी हेर्दा यस कथामा रहेको केन्द्रीय संस्कृति पूर्ण रूपमा प्रभुत्वशाली भएकै कारण सबाल्टर्न वर्गको जीवन अत्यन्त मार्मिक तथा कारुणिक अवस्थाबाट गुज्रिरहेको देखिन्छ ।

सबाल्टर्न वर्गको अत्यन्त मार्मिक अवस्था चित्रण भएको यस कथामा सबाल्टर्नको प्रतिरोध चेतना भने ज्यादै उच्चस्तरको पाइन्छ । स्थापित केन्द्रीय संस्कृतिको प्रभुत्वका कारण सिर्जित समस्याको बोध गर्दै सबाल्टर्न वर्गका माझीहरूले असफल रूपमै भए पनि प्रतिरोध गरेका छन् । त्यति मात्र नभएर माझीहरूका बीचमा अघोषित स्वरूपको संगठन समेत निर्माण भएको छ । धान रोपेको ठाउँबाट मुखियाले कुलो खनेको थाहा पाएपछि माझीहरू खेतमै पुगेर प्रतिरोध गर्छन् -"यो त सारै अचाक्ली भो, मुख्ये बा ! यो बिरुवा किन नाश गर्नुहुन्छ ? बरु हाम्रो छातीमा खन्नोस्" (पृ.१०८)। यसरी प्रतिरोध गर्दा पनि मुखियाले अटेर गरेपछि मुखियालाई सम्बोधन गर्दै अझ प्रतिरोधी आवाज घन्कन्छ -"तपाईं अन्न खानुहुन्छ कि घाँस ?" (पृ.१०८) अझ आफूमाथि भएको अन्यायका विरुद्ध अदालतमै पुगेर पनि सबाल्टर्न वर्गले प्रतिरोध गरेको छ- "हाम्रो रोप्या खेत काटेर जबरजस्ती कुलो लान खोज्ने पनि यिनै ! हामलाई पिट्ने पनि यिनै ! अझ यिनकै डाँको ठूलो" (पृ.१११)। यसरी आफूहरू लुटिएको, कुटिएको र सताइएकोमा माझीहरू सचेत छन् र त्यसको प्रतिरोध गर्दै अगाडि बढेका छन् । यस क्रममा अझ निर्णायक ढाँचामा अर्को प्रतिरोध गरिएको छ -"मुख्ये कुरो चैं सिरिमान यिनले हाम्रो रोप्या खेत फाँडेर पानी लान हुन्छ ? साविकको कुलो अलिक तल छ । त्यै कुलोबाट लैजाऊन्" (पृ.१११)। त्यसमा अझ थप्दै मुखियाले भनेको छ "अझ हामले यतिले नपुगेर उल्टै कुटाइ खानु ? सिङ्गे बूढो मर्नु न बाँच्नुको हालतमा छ। त्यो ... सिरिमानले आफै नजर गरे हुन्छ" (पृ.११२)। यसरी खेती फाँडेको विरोध गरेर, मुखियालाई घाँस खाने पशुसँग दाँजेर, बालीको साटो आफ्नै छातीमा हान्न चुनौती दिएर, अड्डा, अदालतमा उजुरी गरेर, अड्डामा पनि अन्यायका विरुद्धमा बलियो अनि तार्किक आवाज उठाएर यस कथाका सबाल्टर्न वर्गका माझीहरूले शक्तिशाली प्रतिरोध जनाएका छन् तर उनीहरूको आवाजको सुनुवाइ भएको छैन । यसले राज्यको खास प्रकारको चरित्रलाई उद्घाटित गरेको छ । सबाल्टर्नहरू जागेकै अवस्थामा पनि अभिजात वर्गकै अधीनस्थ हुन्छन् र उनीहरूको आवाजलाई दबाइन्छ वा नियन्त्रण गरिन्छ भन्ने मान्यता यस कथामा चरितार्थ भएको पाइन्छ । त्यस कारण यस कथाको प्रतिरोध चेतना ज्यादै सशक्त अवस्थामा भए पनि त्यसले सफलतासम्मको यात्रा तय गर्न सकेको छैन । वि.सं. २०३५ रचनाकाल रहेको यस कथाको प्रतिरोध चेतनाले वि.सं. २०३६ को असफल राजनीतिक प्रतिरोधलाई पूर्वसङ्केत गर्न पुगेको पनि देखिन्छ ।

## निष्कर्ष

कथाकार नारायण ढकाल आधुनिक नेपाली कथाको समसामयिक कालखण्डमा सबाल्टर्नमैत्री विचार प्रवाहित गर्ने सर्जक हुन् । उनका कथामा नेपाली समाजमा विद्यमान कुरीतिहरूका कारण ज्यादै दयनीय अवस्थाबाट जीवन भोग्न विवश व्यक्तिहरूका दुःखपीडालाई विषयवस्तु बनाइएको छ । प्रस्तुत कथामा वर्गीय, जातीय र वैचारिक रूपमा उच्च तथा शासकीय, सम्भ्रान्त वर्गको भूमिकामा रहेको गैरसबाल्टर्न मुखियाको अत्यन्त अमानवीय ज्यादतीका कारण सबाल्टर्न बन्न पुगेका माझी परिवारको जीवन ज्यादै सङ्घर्षपूर्ण तथा कारुणिक अवस्थाबाट गुज्रिन बाध्य हुनु परेको तथ्यलाई उद्घाटित गरिएको छ । त्यस्तै समाजमा सबाल्टर्न वर्गको स्थान निकै अपमानित अवस्थामा रहेको र त्यसका लागि अभिजात वर्गको सांस्कृतिक प्रभुत्व मुख्य कारक भएको अनि त्यसै कारण सशक्त भएर पनि सबाल्टर्न वर्गको प्रतिरोध विफल भएको देखाइएको छ । समग्रमा सबाल्टर्नको वर्गीय, जातीय र वैचारिक अवस्था अनि उनीहरूको सामाजिक स्थान, प्रभुत्व र प्रतिरोधका सबै अवस्थालाई राम्ररी समेट्न सफल यो कथा सबाल्टर्नमैत्री कथाका रूपमा रहेको र यसले एउटा कालखण्डको नेपाली समाजको यथार्थलाई प्रभावकारी ढङ्गले प्रस्तुत गरेको छ ।

## सन्दर्भ सामग्री सूची


अधिकारी, शैलेन्द्र (२०७२), "अमर न्यौपानेका आख्यानमा सबाल्टर्न", अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रि. वि., कीर्तिपुर ।

कार्की, महेश (२०७२), "नयराज पाण्डेका उपन्यासमा सबाल्टर्न", अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रि. वि., कीर्तिपुर ।

कोइराला, नरेन्द्रप्रसाद (२०६९), 'मार्‍यो च्याङ्बा मार्‍यो असिनामा पार्‍यो कथाको सबाल्टर्न विश्लेषण', प्राज्ञिक संसार, वर्ष - १ अङ्क-६, पृ. ४८-५४ ।

कोइराला, नरेन्द्रप्रसाद (२०७०). "रमेश विकलका कथामा सीमान्तीयता", अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रि. वि. कीर्तिपुर ।

कोइराला, श्रीकृष्णप्रसाद (२०७३), "भवानी भिक्षुका कथामा सीमान्तीयता" (सबाल्टर्न), अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रि. वि., कीर्तिपुर ।

ढकाल, नारायण (२०७२), *कथा,* काठमाडौँः फिनिक्स बुक्स ।

पाण्डेय, ताराकान्त (२०७० असार), 'सांस्कृतिक अध्ययन र मार्क्सवाद', भृकुटी (भाग १९), पृ. १७३-१९३ ।

बस्याल, बिन्दु (२०७०), 'सिटिहलको एउटा बुढो कथामा सबाल्टर्न चेतना', प्राज्ञिक संसार, वर्ष-१ अङ्क-९, पृ. ८१-८५ ।

भट्टराई, रमेश (२०७० असार), 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्त', भृकुटी (भाग १९), पृ. ३३५-३६४ ।

शर्मा, मोहनराज (२०७० असार), 'अवरजन अध्ययन र साहित्य', भृकुटी (भाग १९), पृ. ३१५-३२५ ।

श्रेष्ठ, तारालाल. (२०६८), *शक्ति, स्रष्टा सबाल्टर्न,* काठमाडौँः डिस्कोर्स पब्लिकेसन ।

श्रेष्ठ, दयाराम (२०७०), *नेपाली कथा र कथाकार,* काठमाडौँः नेपाल प्रज्ञा प्रतिष्ठान ।

सुब्बा, मनप्रसाद र रेमिका थापा (सम्पा.) (सन् २०११), *किनारा विमर्श,* दार्जीलिङः गामा प्रकाशन ।